विदेशिएका नेपाली युवाहरुको व्यथा

रमारमण

खण्डकाव्य

पं. श्री आनन्दप्रसाद नेपाल

देवघाट गाउँपालिका ५, तनहूँ

रमारमण खण्डकाव्य (झ्याउरे)

(विदेशिएका नेपाली युवाहरूको व्यथा)



लेखक/कवि

पं. श्री आनन्दप्रसाद नेपाल

पुस्तकको नाम : रमारमण खण्डकाव्य (झ्याउरे)
लेखक/कवि : पं. श्री आनन्दप्रसाद नेपाल
प्रकाशक : सुशीला नेपाल
संस्करण : प्रथम २०७६ श्रावण
सर्वाधिकार : प्रकाशकमा
मूल्य : रू.१००/-
संस्थागत मूल्य : २००/-
मुद्रक : कालिका छापाखाना, न्यूरोड नारायणगढ
फोनः ०५६-५७१५४२, ५७०११४
आवरण/सेटिङ्गः मदन सेन्चुरी
प्रति : ५०१
प्राप्ति स्थान : देवघाट ५, तनहूँ
कम्प्युटर टाइप : जगदीश प्याकुरेल

शुभकामना



देवघाट-५ निवासी वेद वेदाङ्ग विद्यालयमा अध्यापनरत पं. श्री आनन्दप्रसाद नेपालज्यूले प्रकाशन गर्न लाग्नुभएको विदेशिएका नेपाली युवायुवतीको व्यथा समेटिएको रमारमण नामक खण्डकाव्य मैले सरसर्ति नियालें । यथार्थपरक निम्नवर्गीय नेपाली समाजको चित्रण गरिएको करुण-रस-प्रधान उक्त काव्य साच्चिकै वर्तमान नेपाली समाजसँग मिल्दोजुल्दो छ ।

देवघाट परिचय, मानव खण्डकाव्य, ईश्वरानन्द स्मृतिशतक, रामगीता तथा वेदस्तुतिको छायानुवाद लगायत धेरै पुस्तकहरू प्रकाशन गर्ने श्री आनन्दप्रसाद नेपालको रमारमण खण्डकाव्य अध्ययन, मनन गरी पाठकवर्ग लाभान्वित हुनुहुनेछ भन्ने आशा राख्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

गलेश्वर आश्रम पीठाधीश
अनन्तश्री विभूषित महामण्डलेश्वर
स्वामी श्री आत्मानन्द गिरिजी महाराज

शुभकामना

श्री वेद वेदाङ्ग विद्यालयका पूर्व प्राचार्य पं. श्री आनन्दप्रसाद नेपालज्यूले नेपाली युवायुवतीहरू कतार, मलेसिया, दुवै जस्ता देशमा जानुपरेको परिस्थितिजन्य यथार्थलाई समेटी "रमारमण" खण्डकाव्य लेख्नुभएको रहेछ। मैले समग्रमा अध्ययन गरेँ। यो काव्य करुणरसप्रधान भावगम्भीर, मार्मिक र चेतनामूलक, सरल तथा सरस हुँदाहुदै पनि मुनामदनको झल्को मेटाएको मै ले पाएँ। देवघाट परिचय, मानव खण्डकाव्य, ईश्वरानन्द स्मृति शतक, रामगीता र वेदस्तुतिको छायानुवाद आदि थुप्रै ग्रन्थहरू लेखी प्रकाशन गर्नु भएका लेखक नेपाज्यूको लेखनी निरन्तर अघि बढिरहोस् भन्ने शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको पनि कामना गर्दछु।

समाजसेवी

श्री भुवनसिंह गुरूङ्ग

देवघाट ४, तनहूँ।

लेखकीय

प्रारब्ध भनी दुःखमा हामी पौरख न छोडौँ ।
सफल बन्ने कर्म हो कडी निष्क्रिय न बनौँ ॥
कर्मठ बनी चन्द्रमा पुगे घुम्दैछन् खगोल ।
प्रारब्ध यस्तै भाग्यले भन्दै जीवन नभूल ॥
त्यो भवितव्य जीवन बीच घट्ने छ भने नि ।
ईश्वरलीला टर्दैन कुनै भाकल गरे नि ॥
विश्वको इतिहासले भन्छ समृद्धि कारण ।
सुख र शान्ति हुनुमा राजनीति छ जान न ॥
छन् दूरदर्शी नेता यो देश छ आत्मनिर्भर ।
उद्योगधन्दा सिँचाइ भने छ स्वर्ग सुन्दर ॥
खराब परिस्थिति छ भने देशमा जहिले ।
गरिबीपना बढ्दछ धेरै फिर्दैन कहिले ॥
विश्वको मानचित्रमा होम्रो नेपाल सुन्दर ।
तराई वन हिमाल पाखा हुँदामा अपार ॥
गरिब सधैँ नेपाली युवा विदेश पस्दछन् ।
आफ्नो त्यो ज्ञान उर्वरशक्ति खन्याई बस्दछन् ॥
आशामा केही कमाऔँ भनी वियोग सहेर ।
बेचैन बनी पौरख गर्छन् अभागी बनेर ॥
फिर्दछन् यहाँ कुशलै कोही बाक्सामा फर्कन्छन् ।
यथार्थ मैले काव्यमा लेख्दा यी आँसु झर्दछन् ॥
समृद्ध बनोस् देशमा शान्ति होस् सुखी नेपाली ।
नजाऊन् युवा विदेश घर बसून् है समाली ॥

श्री आनन्दप्रसाद नेपाल
देवघाट, तनहूँ ।

रमारमण खण्डकाव्य (झ्याउरे)

(विदेशिएका नेपाली युवाहरूको व्यथा)

मङ्गलाचरण

त्रिपुटीभन्दा परको तत्व छ ब्रह्म अमर ।
देखिए मायागुणले विष्णुविरिञ्चिशङ्कर ॥
जीव हो अन्तस्करणोपाधि अल्पज्ञ भ्रमित ।
त्रिदेव मायोपाधिक हुँदा रचियो संसार ॥
नमन सबै देवमा मेरो सृष्टिका मुहान ।
काव्यमा गर्छु ती इष्टदेव शिवमा प्रणाम ॥

रमण:-

नेपाली माटो अति छ प्यारो हिमाली छायाले ।
प्रकृति शान हरिया पाखा पहाडी झर्नाले ॥
जानेछु छोडी विदेश प्यारी नरुनू सम्झेर ।
पुग्दैन खान पाखाको बारी मज्दुरी गरेर ॥

रमा:-

नजाऊ प्यारा मलाई छोडी विदेशी बनेर ।
भित्रिएँ सोची सहारा मेरो हुनेछौ भनेर ॥

सुख र दुःख कर्मको खेल यहीँ बस नछोडी ।
पाखुरा दह्रा छन् भने हाम्रो जोडिन्छ घडेरी ॥
मुग्लान टाढा कस्तो छ देश छन् कस्ता संस्कृति ।
सोझा र सादा लुटिने हुन् कि ? जानिन्न विकृति ॥
भित्रिएँ नौली दुलही आज कस्तो छ समाज ।
इरादा गर्लान् मलाई राम्री देखेर प्रशस्त ॥
ती बुढी आमा कसरी खप्लिन् छोराको विछोड ।
यो वर्ष जानु हुँदैन बेस यो मेरो निचोड ॥

रमण:-

न केही अन्न छन् पैसा प्यारी दुःखको जीवन ।
पालिने कुनै उपाय छैन यो कुरा नभन ॥
छ मेरो प्रण कमाई धन त्यो घर सुन्दर ।
बनाई राख्छु गहना राम्रा किनेर हुन्न र ?
गर है सेवा ती बुढी आमा दिनेछिन् आशिष ।
उपेक्ष गर्दा आँसुले पिर्ला पराइ नबन ॥
प्रेमले सृष्टि समाली राखिन् हुर्काई मलाई ।

खुसी छिन् आमा भने त धेरै फर्कन्छु कमाई ॥
(आमासँग रमणको विलौना)
हे मेरी! आमा साहुको बाँकी ऋणले मलाई ।
चौतर्फी घेऱ्यो छट्पटी पारी जाने भो घरबारी ॥
आशिष पाऊँ विदेशी धन कमाई फर्कौंला ।
थिएन इच्छा छोडेर जाने संघर्ष गरौंला ॥
बुहारी नौली रमा छिन् आमा सम्झाई बुझाई ।
नारीको धर्म सिकाइदिनोस् मान्ने छिन् रमाई ॥
अह्राई जान्छु नछोड आमा छिन् असी वर्षकी ।
छोरीको माया मिल्नेछ प्यारी भनेर हुन्छ कि ?
छोपेर व्यथा नरोई बसे फर्कन्छु तुरुन्त ।
मनको इच्छा गरौंला पूरा जे भन्छ्यौ खुरुक्क ॥

आमा:-

असीमा टेकें बाचौंला भन्ने देख्दिनँ आखिर ।
न सुन्छु कान न देख्छु आँखा यो देह जर्जर ॥
खटाई खाएँ बचाई राखें ती बारी उर्वर ।
दरिला तिम्रा खियाऊ नङ्ग्रा जीविका हुन्न र ?

पखेराभरि लगाऊ आँप जमुना तमाम ।
कटर लिच्ची कागती केरा फल्दछन् अचम्म ॥
म कुर्छु घर दम्पती मिली यो देश सिँगार ।
राष्ट्रको सेवा छ स्वाभिमान विषाद नराख ॥
न इष्टमित्र न बन्धु होलान् बिरानो त्यो देश ।
बिरामी पर्दा को रक्षा गर्ला म भन्छु यहीँ बस ॥
निर्दयी होलान् आतंक गर्लान् जासुसी लस्कर ।
सहन्नन् कोही पराई जन विदेशी संस्कार ॥
सुन्दैछु मैले नेपाली सारा लुटिए मारिए ।
विदेशी धर्म संस्कार भेष नमान्दा काटिए ॥
गौरवशाली नेपाली भूमि छ स्वर्ग सुन्दर ।
उद्योग धन्दा किसानी पेसा समाले हुन्न र ?

रमण:-

नराम्रो शिक्षा छन् कला सीप न केही आधार ।
जागिर खाऊँ उद्योग धन्दा बन्द छन् हजार ॥
यो मातृभूमि रुँदैछिन् नेता देखेर कपूत ।
दुर्गति देख्छु राष्ट्रको मैले जन्मेनन् सपूत ॥

बाध्यता मेरो नेपाली मन श्रद्धा छ अपार ।
नेपाली भूमि सम्झन्छु आमा विषाद नराख ।।
न वीरभद्र न भक्ति थापा भएर देखाएँ ।
जन्मको भारा तिरौँला पैसा गएर कमाए ।।
(रमण साहुसँग ऋण लिन जान्छन्)

रमण:-

विदेश जाने भएर आएँ निर्दयी नबन ।
गएर पैसा कमाई तिर्छु धितोमा जमान ।।
यो खेतबारी छ बस्ने घर नतिरे छोडौँला ।
तीन लाख पैसा साउँ र ब्याज फर्केर तिरौँला ।।
पुरानो ढड्डा डिठ्ठाले खोले लेखेर देखाए ।
मैनाको माना घ्यू छुट्टै तिर्ने कबोल गराए ।।
छ मैनाभित्र न तिरे ऋण घरबारी जाने छ ।
उजुरी गर्न पाइने छैन भन लौ मान्य छ ?
हस् भन्दै पैसा लिएर हिँडे पीडाले अधीर ।
घरबास सबै जाने पो हो कि मनमा सोचेर ।।
रमण विदेश जान्छन्

भदौको मैना सिम्सिमे वर्षा कालो छ बादल ।
चौतर्फी छायो अर्धेंरी छिट्टै बनेर अशुभ ।।
बारीको मकै भाँचेर राखे पिँढी र मझेरी ।
खेतमा धान पोटाई निस्के आशा छ बेसरी ।।
हिँउद मैना अन्नले पाल्ला गएर कमाउँला ।
सारी र चोली पटुकी किन्न म पैसा पठाउँला ।।
तिर्सना बोकी आशिष माग्छन् पाउमा परेर ।
आमाको आँसु बर्सेर भिज्यो शिरमा परेर ।।
बिदाइ गर्न सक्दिनन् आमा भक्कानु परेर ।
प्रकृति पाखा पर्वत रोए बिदाइ हेरेर ।।
हातमा माला लिएर रमा अचेत बनेकी ।
प्रारब्ध उनको बिछोडको बेला धर्धरी रोएकी ।।
रमण हिँड्छन् सान्त्वना दिँदै म छिट्टै फर्कौंला ।
बाध्यता मेरो विदेशी बनें त्यो इच्छा पुऱ्याउँला ।।
हातमा झोला गलामा माला शिरमा सिन्दूर ।
लगाई हिँडे अधुरो स्वप्ना लिएर हजार ।।
बिदाइ गर्छन् बन्धु र भाइ यात्रामा जुटेर ।
बलिन्द्र रोइन् पीडामा रमा भक्कानु परेर ।।

✡✡✡✡✡

रमा:-

नजाऊ मेरो जीवन प्यारा अधेँरो बनाई ।
कसरी दिन बिताऊँ फोटो दिलमा सजाई ॥
टुहुरी केटी सुखमा मेरो बितेन जीवन ।
कस्ती थिन् आमा मुहार उनको दुर्भाग्य देखिनँ ॥
म जाऊँ कहाँ दुःखमा ऐले एक्लो छ जीवन ।
न दाजुभाइ छन् मेरो भन्ने प्रारब्ध थिएन ॥
सारी र चोली लगाई हिँड्छन् दौँतरी मिलेर ।
माइती घर आमाको माया पाइन्छ भनेर ॥
आमा र बाबा तिमी नै थियौ हे प्यारा रमण ।
एकचोटी मेरो पुकार सुनी म जान्नँ भन न ॥
एकछाक खाई सन्तोष गरी बिताऊँ जीवन ।
दैवले जोडी बनाइदियो छोडेर नहिँन ॥

✲✲✲✲✲✲

छियामा छिया बनाई मन रमण हिँडेका ।
बाध्यता थियो बिदेश जानु धर्धरी रोएका ॥
एयर्पोट पुग्छन् बिदामा हाँसो दिएर रमण ।

ईश्वर मेरो पुऱ्याऊ इच्छा भनेर मनमन ।।
सस्तोमा किन्छन् रमण नयाँ कपडा रोजेर ।
जुत्ता र मोजा गल्बन्दी किन्छन् स्वदेशी भनेर ।।
प्लेनमा चढे भुइँको माटो शिरमा राखेर ।
हे आमा मरौँ फर्केर तिम्रो काखमा बसेर ।।
उडाई लग्यो आकाशमाथि हेर्दछन् रमण ।
स्वर्गभैँ लाग्ने नेपाली भूमि देखेर अचम्म ।।
ब्रह्माले कला जुटाई रचे नेपाल सुन्दर ।
तराई वन, हिमाल पाखा सजाई अपार ।।
विश्वको कुनै देशमा आमा गए नि यो मन ।
समृद्धि हेरी बिर्सिन्छ भन्ने तिमीले नठान ।।
गर्भमा राखी जन्माइदिने ती मेरी आमाको ।
दूधको भारा गर्नुछ पूरा मनले आँटेको ।।
हे मातृभूमि हे मेरी आमा यो प्राण रहे त ।
पुत्रको धर्म गरौँला पूरा नमरी बाँचे त ।।
छ स्वर्ग भन्छन् बैकुण्ठ भन्छन् आस्थाले उत्कृष्ट ।
म भन्छु आमा यी मातृभूमि छिन् धेरै विशिष्ट ।।

नेपाली युवाहरूको पीडा मेरो झैं नबनोस् ।
प्रार्थना गर्छु ईश्वर युवा विदेश नजाओस् ॥
जन्मिएँ तिम्रै इच्छाले होला नेपाली भूमिमा ।
जीविका हुने उपाय छैन छ मेरो बिलौना ॥
तर्कना गर्दै सपना बोकी विदेशी एयर्पोट ।
ओर्लिए देखे हजारौं युवा नेपाली प्रशस्त ॥
पूर्वमा मेची छ महाकाली बीच यो नेपाल ।
त्यहाँका सबै आएछन् युवा नेपाली विदेश ॥
धेरैमा युवा युवती कठै आएका लस्कर ।
के देख्नु पऱ्यो हे दैव मैले दुर्गति प्रशस्त ॥
पढेका बाठा बलिया टाठा युवा हुन् सम्पत्ति ।
मिलेर नौलो निर्माण गथ्र्यौं के भयो विपत्ति ॥

✡✡✡✡✡

मुस्लिम देश संस्कृति भेष नौलो छ भोजन ।
शासन धेरै कडा पो देखे दुःखी छन् रमण ॥
नेपाली केटी अप्सरा जस्ती ड्युटीमा परेकी ।
भान्छामा खाना पकाई बच्चा हेरेर बसेकी ॥

कम्पनीभित्र साहुको काम गर्दैछन् रमण ।
नियति देखे हेपेर बोल्ने दुष्ट छन् हराम ।।
न भाषा रीति-रिवाज बुझ्छन् जान्दैनन् तमाम ।
कठोर गाली सुनेर ज्यादै मन भो भरङ्ग ।
छ मैना बित्यो मिल्दैन पैसा बन्द भो कम्पनी ।
घरमा भन्छन् साहुले पिरे व्यर्थ भो सपनी ।।
कम्पनीभित्र अज्ज्ञान कठै बिचल्ली परेको ।
दैवको संजोग नजिकै अर्को कम्पनी खुलेको ।।
साहुको साथी रहेछ त्यहाँ व्यवस्था मिलाई ।
गराए भर्ना ती कर्मचारी तनखा घटाई ।।
न छोड्न सकें न गर्न सकें भाग्य गो फुटेर ।
म रित्तै फर्के जग्गा छ धितो खानेछन् लुटेर ।।

✡✡✡✡✡

रमण:-

हे दैव मेरो बिचल्ली आज तँ हेर्ने माथि छस् ।
मर्नेछिन् बुढी आमा र रमा के सृष्टि रचिछस् ॥
कोही छैन मेरो दुःखमा साथी एक्लो छु जहिले नि ।
जन्माइस् किन टुहुरो पारी मरौं कि अहिले नि ॥
बितेछन् बुवा गर्भमा छँदा रोगले गाँजेर ।
हुर्काइन् एक्ली आमाले धेरै कष्ट नै सहेर ॥
बेचेर गैरी खेतको फाँट पढाइन् मलाई ।
छोराको मुख हेरेर बसिन् भविष्य सजाई ॥
न तिर्ने मैले आमाको ऋण नतिर्ने साहुको ।
बेचियो खेत खोरिया धितो राखेर आएको ॥
पाइनँ मैले जागिर पढी गरिनँ चाकडी ।
योग्यता मेरो हेरेनन् राजनीतिले पछाडि ॥
स्वप्नाको पोको बोकेर आएँ विदेशी बनेर ।
पाइनँ पार दुःखको वार घोप्टियो घेरेर ॥

✲✲✲✲✲✲✲

तर्कना गर्दै बुझाई मन बसे ती रमण ।
बालुवा इँटा बोकेर घर गर्दछन् निर्माण ॥

गर्मी छ साठी डिग्रीको तातो पिल्छाई शरीर ।
हत्केला माथि जीवन राखी पसिना बेचेर ॥
हिमाली हावा मिल्दथ्यो चिसो स्वर्गको अमृत ।
पिए झैँ लाग्ने झर्नाको पानी सम्झना सञ्चित ॥
हरिया पाखा कोइली चरी फुलेका गुराँस ।
ऐँसेलु सम्झे गोठाला मिली खाएको बसेर ॥
फर्कदाँ गाई लिएर गोठ आमाको मायाले ।
मोही र मकै खाएको सम्झे आनन्दी मनले ॥
भोकाई आयौ रमण बाबु भनेर मलाई ।
खाना र खाजा झिकेर दिन्थ्यौ हे आमा बोलाई ॥
अठार घण्टा काममा ऐले खटेर गरे नि ।
दयाले कोही दिँदैनन् केही भोक लाग्यो भने नि ॥
सुकेर गयो शरीर मेरो छन् धेरै निष्ठुरी ।
बाँचेर फर्की आउँला भन्ने लागेन एकचोटि ॥
हड्डीको मासी गलेर आयो शक्ति नि सकियो ।
तागत लाग्ने मिल्दैन खाना विदेश पसियो ॥
झल्झली आमा सम्झेर बसे बिचरा रमण ।
बिरामी परे सम्झेर रमा हुने भो मरण ॥

नराम्रो देखिन् सपनी कठै निद्रामा रमाले ।
काग र चील बथान आए पिँढीमा घेरिए ॥
कालो छ साँप फिँजाई फणा झम्टियो नजिकै ।
न भाग्न सक्छिन् चिच्याई रोइन् ब्युँझिइन् तुरून्तै ॥
थर्थरी काँपी आशंका गर्छिन् के होला अनिष्ट ।
हे दैव ! मैले शिरमा थापें मै मरौं तुरून्त ॥
मेरा ती प्यारा रमण गए भर्खरै विदेश ।
न झरोस् केश न लागोस् व्यथा न बनोस् अशुभ ॥
प्याराको तन जस्ताको तस्तै फिरोस् है नेपाल ।
तल र माथि गर्दछिन् रमा कोरेर कपाल ॥
कर्कला पानी हावाले धक्का दिएर झर्दछ ।
यो देह पञ्चभूतले बन्यो त्यस्तै छ अस्थिर ॥
ईशको सृष्टि खेलौना हामी छौं क्षणभङ्गूर ।
हाड र छाला मासुको भर नशा छन् डङ्गूर ॥
पर्दछन् किरा लागेमा घाउ पिपले पाकेर ।
खरानी बन्छ डढाए देह मूल्य पो के छ र ?
ईश्वर सम्झे कल्याण होला सुकर्म गरे त ।

ईशको अंश साधना गरे ब्रह्म पो बनिन्छ ।।
फुलेको फूल काँडाको रूख गुलाफ सम्झेर ।
देह हो काँडा बीचको फूल आत्मा छ अमर ।।
संसार धान्न मायावी जाल फालेर ईश्वर ।
मायामा पारी फसाइदियो सम्बन्ध जोडेर ।।

✡✡✡✡✡✡

अध्यात्मभाव लिएर रमा सोच्दछिन् गमेर ।
दम्पती विना गृहस्थी धर्म चल्दैन भनेर ।।
दम्पती सिङ्गो रथका पाङ्ग्रा जोडी हुन् अवश्य ।
गन्तव्य फेरि पुगिन्न एक्लो भएर अपाङ्ग ।।
पूर्णायु बाचौं परेवा जोडी बनेर सदैव ।
नटुटोस् अघि पछि यो देह प्रार्थना ईश्वर ।।
सासू छिन् बुढी विदेशी पति सङ्कट सहेर ।
धेरै नै बिते समय छिट्टै बिलौना गरेर ।।
गाउँका आई बोलाई सोध्छन् छिमेकी सधैंरी ।
कहिले फिर्छन् रमण न्यास्रो भयो लौ बेसरी ।।
जीवन एक्लो अप्ठेरो पीडा छोपेर बसेकी ।

अल्लारे केटा कर्केर हेर्छन् चन्द्रमा झरेकी ॥
हँसिलो मुख सुरिलो स्वर वनकी कोइली ।
सारी र चोली पटुकी कस्दा उर्वशी स्वर्गकी ॥
ट्यापे र मुन्द्रे जिस्काई हिड्छन् के गरी बसेकी ।
पतिको आस पिँढीको बास कसरी बाँचेकी ॥

✡✡✡✡✡

गुण्डा:-

न फोन गर्छन् इमेल गर्छन् म्यासेन्जर भाइबर ।
अप्सरा पाए विदेशी केटी बिर्सिए संसार ॥
वैँशमा एक्लो नहुँदा पति के खोजी बसेकी ।
सम्पत्ति छैन खोरिया बारी के खान कुरेकी ॥
गाडी र कार महल ठूलो छ मेरो कम्पनी ।
मसँग हिँडे पुऱ्याइदिन्छु सोचेको सपनी ॥
छ मेरो ए.सी. जोडेको घर नोकरचाकर ।
खुवाइदिन्छन् चम्चाले भात गरेर श्रृङ्गार ॥
प्लेनमा राखी घुमाइदिन्छु विदेशी सहर ।
सुखमा राख्छु भनेको मान्छु पुग्नेछ रहर ॥

फिर्दैनन् तिम्रो रमण प्यारा हिँड लौ मसँगै ।
एकबारको चोला न फाले खेर मनले सोचे है ।।
क्रोधित भई रमाले सुनिन् गुन्डाको बयान ।
भन्दछिन् सोची मार्मिक कुरा सती झैँ समान ।।

रमा:-
हे भाई तिमी अल्लारे केटा अल्लारे बैँसले ।
नमात बोली समाल सोची विवेकी आँखाले ।।
माइती घर कुरेर बैँस छिप्पेकी सुन्दरी ।
जिस्कने जस्ती नठान केटा नबोल मनपरी ।।
गृहस्थी धर्म समाली बसैँ प्यारा छन् रमण ।
दिलमा फोटो सजाई अर्को रोज्दैन यो मन ।।
पति हुन् मेरा धर्तीका देव पूर्वीय संस्कृति ।
शास्त्रको मर्म मानव धर्म गर्दिनँ विकृति ।।
मर्यादा ठूलो सम्पदा हाम्रो त्यही हो जिन्दगी ।
नीतिका कुरा गर्नुछ पूरा भनेर बसेकी ।।
नारी हुन् लक्ष्मी घरकी देवी कुलको सम्पत्ति ।

सृष्टिको मूल गौरव धान्ने सहेर विपत्ति ॥
बिगारी मन पतिको धन बिचल्ली पारेर ।
लगाई ढोका हँसाई गाउँ म जान्नँ छोडेर ॥
जिन्दगी चक्र सुख र दुःख भोग्नुछ जल्ले नि ।
गरिब धनी भएको देख्छु हरेस खान्नँ नि ॥
वैदिक धर्म संस्कार त्यागी धनी भै हिँडेका ।
सडकैभरि देख्दैछु ऐले बिचल्ली परेका ॥
गरिब साहु बनेको देख्छु साहु छन् गरिब ।
चञ्चले धन पुँश्चली नारी एकै हुन् हरीप ॥
रमण प्यारा कमाई धन फर्केर आउलान् ।
खरको झुप्रो भत्काई राम्रो महल बनाउलान् ॥
बुच्चो छ कान बुच्चो छ नाक ती बुढी आमाको ।
कुण्डल फुली बनाई देलान् नम्बरी सुनको ॥
नौगेडी झुम्का मलाई सिक्री सारी र पटुकी ।
किनेर देलान् आशा छ ठूलो पर्खेर बसेकी ॥
हुनेछ छोरा पढेर ठूलो जागिरे नेपाली ।
सकिन्छ पीडा त्यो राम्रो घर बस्नेछु समाली ॥

ग्याँसमा भात पकाई खाने आउला त्यो दिन ।
कुलर पङ्खा चलाई बस्दा फिर्नेछ जीवन ॥
मोटर गाडी बाइक मैरै घरमा हुनेछ ।
चढेर मौलाकालिका जान्छौं त्यो इच्छा पुग्नेछ ॥
गरिब देखी नहेप बाबु आउला त्यो दिन ।
ईश्वर मेरो छन् हेर्ने माथि यो स्वप्ना तुहिन्न ॥
अनिच्छा ढिपी गरेर बसे दिनेछु सराप ।
जुटाई बन्धु पिटाइ खाँदा हुनेछौ धराप ॥
जसरी आयौ तताऊ बाटो जीवन समाल ।
चिनेर कस्ता केटी हुन् उस्तै कुराले बराल ॥
जीवन जोडी बिगार्ने तिम्रो किन भो स्वभाव ।
युवती तिम्रो निम्तिमा होलान् नमान अभाव ॥
बर्गैंचाभरि फुलेका फूल चुनेर सजाऊ ।
अर्काको जोडी चुडेर लाने भावना हटाऊ ॥
पहिले आफू सुध्रिए बन्छ समाज सुन्दर ।
एकबारको चोला कर्कला पानी छ क्षणभङ्गूर ॥
शरीर मल मूत्रको थैलो बिचारी हेर त ।

च्याल र चिप्रा सिँगान झर्ने छिद्रले वेष्टित ॥
रमाको वाणी सुनेर बन्यो लज्जित अधीर ।
तुरुन्तै पश्चात्तापले माफी माग्दैछ झुकेर ॥
गुन्डा-
हे दिदी ! तिम्रो भावना राम्रो बुझिनँ भुलेर ।
कटाक्ष गरेँ दुर्बुद्धि मेरो सङ्गिलयो बुझेर ॥
तिमी हौ देवी धर्तीकी परी धन्य छ जीवन ।
मानव धर्म सिकायौ युवा गर्छु म प्रणाम ॥
यो उपदेश मान्नेछु आज समाज सुधारी ।
नारीको मान प्रतिष्ठा राख्छु बन्दिनँ भिखारी ॥
ज्ञानका कुरा ती साथीभाइ बीचमा बसेर ।
समाज राष्ट्र सुधार्ने काम गर्नेछौं जुटेर ॥
फर्कियो पाउ परेर युवा रमाको वाणीले ।
आँखामा आँसु छचल्किगयो दयालु हुनाले ॥

✲✲✲✲✲✲✲

सासुको सेवा गर्दछिन् रमा आमा हुन् भनेर ।
चिया र खाजा बनाई सोध्छिन् के खान्छ्यौ भनेर ॥
धोती र चोली पुरानो देख्छिन् फाटेको पटुकी ।

जाली छ फेटा धागाको सरा माथमा गुथेकी ।।
गालामा मुजा परेको कठै रसिला आँखाले ।
नियाली ओरपर ती हेर्थिन् टोलाई सासुले ।।
सम्झेकी होलिन् मुटुको टुक्रा छोरा ती रमण ।
धीरता गुम्यो रमाको उस्तै गर्दछिन् बिलौना ।।

✡✡✡✡✡✡✡

रमा:-

अशुभ देखेँ स्वप्नमा मैले काग र चीलको ।
लर्कन कालो साँपले फणा फिँजाइरहेको ।।
लक्षण राम्रो देखिन्न आमा के होला अशुभ ।
भनेर सोधिन् ती बूढी आमा नजिकै बसेर ।।
लाग्दैन फोन टिप्दैन नेट म्यासेन्जर चलेन ।
छैन कि सन्चो बिरामी परी याद पो भएन ।।
पराइ देश हावा र पानी कस्तो छ मनसुन ।
एकचोटि फोन अगाडि गर्दा ती कुरा सोधिनँ ।।
बिरामी परे पकाई खाना कसरी खाँदो हुन् ।
औषधिमूलो कसले गर्ला न आफ्नो कोही छन् ।।

हे दैव तिमी सहारा बनी उद्धार गराऊ ।
कोही छैन हाम्रो दुःखमा पर्दा लौ पार लगाऊ ॥
सिमे र भूमे घ्यौराली देवी हे मनकामना ।
राष्ट्रका देव हे पशुपति गर्दछु प्रार्थना ॥
चखेवा जोडी भएर बस्नु परेको वेदना ।
दुःखीको स्वप्ना न टुटाइदिनोस् यही छ कामना ॥
अक्षता पाती उठाई राखिन् देवता भाकेर ।
दुरुस्तै प्यारा आएमा पूजा गर्दछौं भनेर ॥
धारामा स्नान गरेर पूजाकोठीमा पस्दछिन् ।
आगोमा धूप दिएर कुलदेवता भाक्दछिन् ॥
हातमा अर्घ नैवेद्य भेटी लिएर आँगन ।
श्रीसूर्यलाई अर्पंदै गर्छिन् झुकेर प्रणाम ॥
जगतसाक्षिन् हे सूर्यदेव ! लोकमा उदाई ।
उज्यालो ताप दिएर प्राणी बचायौ भुलाई ॥
संसार देख्ने तिमी छौ, माथि मेरा ती रमण ।
के काम गर्दै बसेका होलान् तिमीले भन न ॥

✡✡✡✡✡✡✡

आमा:-

हातले आँसु पुछेर भन्छिन् बोलाई सासूले ।
बुहारी दुःख नमान आँखा भरेर आँसुले ॥
अशुभ भए पालो छ मेरो उमेर वर्षले ।
बाँचेर सार छैन है केही अशक्त हुनाले ॥
हँसिलो मुख मलिनो गरी नराख विषाद ।
उत्पत्तिस्थितिलयका स्वामी गर्लान् नि निसाफ ॥
गलेर हिँड्न बस्न भो गाह्रो जीर्ण भो शरीर ।
चौतारी धारो बनाई मर्ने इच्छा छ आखिर ॥
छोराले धन कमाई ल्याए भनौँला ती कुरा ।
पाटी र पौवा बनाइदेला नहोलान् अधुरा ॥
अन्तिम इच्छा छ मेरो रमा अगाडि मरे नि ।
अवश्य मेरो छोराले गर्ला सुनाइदिए नि ॥
छोरा र तिम्रो जिन्दगी राम्रो सुखले बितोस् है ।
पाउन्न देख्न सन्तति तिम्रो सत्पुत्र जन्मोस् है ॥
हुनेछ सधैँ आशिष मेरो स्वर्गमा पुगे नि ।
कहिले दुःखी म हुने छैन सुखी छु अहिले नि ॥

✡✡✡✡✡✡✡

झुपडी घर खरको पाली बेरा छन् बाँसको ।
फलेक पल्ला घरको ढोका ओछ्यान टाँडको ॥
भुइँमा गुन्द्री भान्छामा भाँडा ढलोट तामाको ।
कराई कालो देखिन्छ थाल पुरानो भएको ॥
ओदानमाथि मझेरीनेर कुडो छ फत्केको ।
गोठमा गाई पालीमा बाख्रा धेरै छन् पालेको ॥
घरको धन्दा सकेर भान्सातिर गै बसेकी ।
देखिन्छिन् रमा पीडाले होला दुःखित भएकी ॥
सासु छिन् आमासरिको माया दिएर बसेकी ।
स्वप्नाको दोष नलाग्ने भनी सम्झाइरहेकी ॥
आश्वस्त बन्दै बुझाइन् मन भान्सामा बसेर ।
फुकेर आगो बसालिन् पानी पीठो छ भनेर ॥
रित्तो छ थैलो बोराको अर्को झन् अर्को खोलेर ।
हेर्दछिन् पीठो चामल कतै पाइनन् खोजेर ॥
उम्लियो पानी पुरानो चिउरा हालेर चलाइन् ।
फत्केर फाँडो पातलो खोले पस्केर सेलाइन् ॥
छर्केर नून खुवाइन् आमा चिन्ताले झोक्राई ।

बेलुका खाना के गरी टारूँ को देला मलाई ॥
भनेर डाली लिएर गइन् छिमेकी आँगन ।
पक्कै नै केही चामल देलान् भनेर मागन ॥
छिमेकी बुढी बाहिर आइन् सोध्दछिन् हेपेर ।
के लिन आइस् सक्दिनस् तिर्न त्यसै जा फर्केर ॥
विदेश किन गएको पैसा के गर्छन् रमण ।
पठाको छैन भने त केही होला नि कारण ॥
गरिब सबै हरिप भन्थे बाबा र आमाले ।
सप्रिने दिन आएन तेरो फिर्दैन कर्मले ॥

✡✡✡✡✡

घायल बनिन् रमा ती कठै वचन वाणले ।
छिमेकी सबै पराइ देखिन् गरिबी आँखाले ॥
छ सर्वोत्तम सृष्टिमा हरे ! मानव शरीर ।
विवेक बुद्धि दयालु मन हुनाले आखिर ॥
मुक्तिको द्वार सम्झना गरे मिल्दछ ईश्वर ।
क्षमा र मैत्री भावना भए तरिन्छ संसार ॥

सबैमा साक्षी भएर बस्छन् ब्रह्माण्डनायक ।
अभेददृष्टि समता राख्ने कल्याणदायक ॥
के भन्छ वेद ती धर्मशास्त्र पुराणसागर ।
जिन्दगी मेरो निम्तिमा केही मिलेन आधार ॥
विभेद देखेँ सृष्टिमा मैले धनी र गरिब ।
दुःखमै ठूलो सङ्घर्ष गरी मर्दछन् गरिब ॥
जिन्दगीभरि सुखको दिन आएन मलाई ।
गरिब भई बाँच्नु छ मैले सपना सजाई ॥
दम्पती बीच वियोग मेरै म भएँ अनाथ ।
जन्माई दुःखी बनायौ किन ब्रह्माण्डनायक ॥
संसार तिम्रो हो फूलबारी कोपिला म थिएँ ।
फुलेर बाँच्न पाइनँ मैले पाप पो के गरेँ ॥
तर्कना गर्दै फर्केर आइन् अभागी सम्झेर ।
तड्पाऊ तिम्रो खेलौना बनेँ हे मेरा ईश्वर ॥
दुःखमा तिम्रो सम्झना गरेँ बिसौँला सुखमा ।
भक्ति र भाव गर्नका निम्ति म आएँ धर्तीमा ॥

✡✡✡✡✡✡✡

रमण उता कम्पनीभित्र बिचल्ली परेका ।
जन्डिस जरो खोकीले गर्दा ओछ्यानमा ढलेका ॥
सम्झना गर्छन् सपना मेरो हुने भो अधुरो ।
छ मैना बित्दा दिइन पैसा बनाएँ टुहुरो ॥
बारीको मकै खेतको धान सकियो होला नि ।
गइन् पो होलिन् पइँचो माग्न पाइनन् खान नि ॥
सारी र चोली आमाको निम्ति सपना बन्यो नि ।
नाकमा फुली रमाको इच्छा अधुरो भयो नि ॥
साहुको ऋण साँवा र ब्याज के गरी पुऱ्याँला ।
जन्मको भारा म मरैं भने कसरी तिराँला ॥
हे देव सन्चो बनाई ऐले जुरुक्क उठाऊ ।
गरिब भई विदेश पसैं लौ पार लगाऊ ॥
भनेर रोए ओछ्यान परी अनाथ बनेर ।
टुप्लुक्क त्यहीं नेपाली आए के भयो भनेर ॥
भक्कानो परी सकेनन् बोल्न रसिलो आँखाले ।
इसारा गरी बोल्दछन् कठै मसिनो स्वरले ॥

रमण:-

राप छ तातो गर्मीको महिना काममा खटेर ।
बिताएँ दिन नखाइकन कमाउँला भनेर ॥
हे दाजु तिमी बचाइदेऊ औषधि पिलाई ।
म बाँचें भने तिरौंला ऋण हुँदैन ढिलाई ॥
आमाको आशिष मिल्नेछ फेरि छिन् असी वर्षकी ।
देवत्व प्राप्त गरेकी सती मलाई पर्खेकी ॥
बचाइदिए त्यो मातृभूमि आमाको मुहार ।
प्रेममा डुबी बसेकी रमा देख्नेछु संसार ॥

✡✡✡✡✡✡✡

ओभर ड्युटी छोडेर बसे नितेश पनेरू ।
पूर्वका केटा भरखर्का ठिटा रहेछन् दयालु ॥
निको भो ज्वरो बिस्तारै खोकी भएन जण्डिस ।
बीसको उन्नाइस नहुँदा कठै खाए नि हरेस ॥
खान नि छोडे अशक्त भए वाक्य नि बन्द भो ।
लागेको शक्ति उपाय गरे प्रयास व्यर्थ भो ॥

मिर्मिरे रात चैतको मास बिहान सबेर ।
संसार छोडी बिदाइ भए बिरानु बनेर ॥
हावा न कावा बनेर कठै नितेश कुरेका ।
खबर गरे सबै छन् दुःखी बलिन्द्र रोएका ॥
नेपाली युवायुवतीहरू लर्कन जुटेका ।
कम्पनी साहु आएर हेऱ्यो चौतर्फी घेरेका ॥
मरेको लास पुऱ्याइदिन्छु त्यो तिम्रो नेपाल ।
म दिन्छु खर्च खबर गरी लौ मन समाल ॥
रोगले ग्रस्त भएर घट्यो घटना विचित्र ।
तुरुन्त म्यानपावरलाई सुनाए सचित्र ॥
प्रक्रिया मिल्यो जेटमा लगे दुःखीको शरीर ।
बाकसभित्र फर्किए कठै संसार के छ र ?
आशामा बाच्यौं मानिस हरे ! भविष्य सजाई ।
सपना जस्तै छोडेर जानुपर्दछ हराई ॥
पानीको फोका फुटेझैं जान्छ भौतिक शरीर ।
कर्कला पानी कुनबेला झर्छ हावामा निर्भर ॥
जन्म र मृत्यु प्राणीको सधैं छ नित्य अकाट्य ।

बाचँदा गरौं ईश्वर भक्ति हुनेछौ सार्थक ।।
घमण्ड केही नगर हेपी धनी हूँ भनेर ।
मरेर जाने शरीर तिम्रो आत्मा हो अमर ।।
प्रारब्ध पैलो जन्मेको राम्रो हुनाले आखिर ।
धनी छौ अहिले नगरे दान हुनेछौ गरिब ।।
दुःख र सुख गरिब धनी चक्र झैं घुम्दछ ।
मानव भई मानव बने कृतार्थ बन्दछ ।।

✡✡✡✡✡✡✡

खबर पुग्यो घरमा सुनिन् पहिले रमाले ।
मूर्च्छित भई भुइँमा ढलिन् फर्किनन् कहिले ।।
रमाले पनि छोडेर गइन् यो पापी संसार ।
प्याराको मुख नदेखी कठै मृत्यु छ अपार ।।
गाउँका सारा भरिए डाँडा पाखा र चउर ।
बाकसभित्र पतिको लास रमाको बाहिर ।।
हावा र हुरी सहित पानी दर्कियो घेरेर ।
प्रकृति रोइन् न खप्न सकी बिलौना गरेर ।।
हे दैव खोसिस् गरिब देखी निष्ठुरी बनेर ।

के देख्नुपऱ्यो वंशको नाश आँखाले आखिर ॥
बगैँचाभित्र रोपेको फूल फुल्न नै नपाई ।
उखेली फालिस् हे दैव ! तैँले संसार रुवाई ॥
मरिछिन् आमा घाटमा लगे रमा र रमण ।
टुङ्ग्याएँ वियोगान्तमा काव्य क्षमा होस् सज्जन ॥

✡✡✡✡✡

समाप्तम्

पुस्तक प्रकाशन सहयोगीहरू

सीताराम बजगाई
नुवाकोट, पैरे

वामदेव खनाल
देवघाट

बुबाआमा
जीवनाथ खनाल
र च्यान्टीमाया
खनालको
स्मृतिमा

राधादेवी खनाल
देवघाट



गिरिजानन्द गिरि
देवघाट

रामचन्द्र नैनावस्ती
देवघाट

मुकुन्द ढकाल
जुगेडी, चितवन

बुबाआमा
दिवाकर ढकाल
र मानकुमारी
ढकालको
स्मृतिमा

A352

एक चिनारी

नाम :	: आनन्दप्रसाद नेपाल
जन्म मिति	: वि.सं. २०३६ साल श्रावण १ गते
जन्म स्थान	: झिल्टुङ्ग-दुईपिपल-माझगाउँ, त्रिशूली, नुवाकोट
ठेगाना	: देवघाट गा.पा. ५, तनहूँ
पिताको नाम	: मुरलीप्रसाद नेपाल
माताको नाम	: रूद्रकुमारी(गोमा) नेपाल
शिक्षा	: आचार्य (इतिहास पुराण), वी.एड्.
शिक्षण सेवा	: वेद वेदाङ्ग विद्यालय(२०६२ देखि हालसम्म), (२०६४ देखि २०७० सम्म प्राचार्य पदमा)
	: राधामाधव वैदिक गुरुकुल (प्राचार्य पदमा) (२०५५ देखि २०६४ सम्म)
प्रकाशित कृति	: रामगीता एवं वेदस्तुतिको छायानुवाद तथा विविध (२०७५ श्रावण)
	: मानव खण्डकाव्य (२०७५ भाद्र)
	: स्मृति शतक (सिद्धयोगी गलेश्वर बाबाको) (२०७५ भाद्र)
	: देवघाट परिचय प्रथम संस्करण (२०७५ कार्तिक)
	: देवघाट परिचय दोस्रो संस्करण (२०७५ मङ्सिर)
	: देवघाट परिचय तेस्रो संस्करण (२०७६ जेठ)
	: रमारमण खण्डकाव्य (भ्याउरे) (२०७६ श्रावण)
प्रकाशोन्मुख कृति	: सन्त-जीवनी
	: आशौच निर्णय : औषधिसार
	: गोमहिमा : स्रष्टा र सृष्टि
	: समर्पण उपन्यास : आनन्द कथासङ्ग्रह
	: मानव धर्म : पद्मा खण्डकाव्य
लेखनोन्मुख	: आर्य महाकाव्य